## चिकित्सा शिक्षा आयोगको निर्देशक पदमा नियुक्तिका लागि नाम सिफारिस गर्न गठित सिफारिस समितिको दरखास्त आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०।०८।०५)

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २८ बमोजिम चिकित्सा शिक्षा आयोगको कार्य सम्पादनका लागि मापदण्ड तथा प्रत्यायन निर्देशनालय, योजना, समन्वय तथा प्राज्ञिक उन्ननयन निर्देशनालय, परीक्षा निर्देशनालय र नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज गरी तीन वटा निर्देशनालय तथा एक बोर्ड रहने व्यवस्था रहेको सोही ऐनको दफा २९ को उपदफा (१) बमोजिम चिकित्सा शिक्षा आयोगका निर्देशनालय वा बोर्डको प्रमुखको रूपमा कार्य गर्न प्रत्येक निर्देशनालय वा बोर्डमा एक, एक जना पूरा समय काम गर्ने निर्देशक रहने व्यवस्था रहेको छ । सोही ऐनको दफा २९ को उपदफा (६) बमोजिम निर्देशकको नियुक्तिका लागि नाम सिफारिस गर्न राष्ट्रिय योजना आयोगको सदस्यको संयोजकत्वमा सिफारिस समिति रहने व्यवस्था रहेकोछ । उक्त सिफारिस समितिद्वारा स्वीकृत "चिकित्सा शिक्षा आयोगका निर्देशक नियुक्तिको लागि नाम सिफारिस गर्न गठित सिफारिस समितिको कार्य सम्पादन सम्बन्धी कार्यविधि, २०८०" बमोजिम उम्मेदवार छनौट गरी सिफारिस गर्ने प्रयोजनजका लागि देहायको योग्यता पूरा गरेका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिनभित्र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबारमा कार्यालय समय भित्र दरखास्त पेस गर्न आह्वान गरिएको छ ।

उम्मेदवारले दरखास्तसाथ देहायका कागजात प्रमाणित गरी पेश गर्नुपर्नेछः

(क) वैयक्तिक विवरण ४ प्रति,

(ख) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) शैक्षिक योग्यताका प्रमाणपत्रहरूको प्रतिलिपि,

(घ) चिकित्सा शिक्षा आयोगको मापदण्ड तथा प्रत्यायन निर्देशनालय, योजना, समन्वय तथा प्राज्ञिक उन्ननयन निर्देशनालय, परीक्षा निर्देशनालय र नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको कामसँग सम्बन्धित दक्षता भएको व्यहोरा खुल्ने प्रमाण ।

(ङ) राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरका जर्नलमा प्रकाशित विषय क्षेत्रसँग सम्बन्धित बढीमा १० वटा खोज अनुसन्धानमूलक लेख, रचना तथा प्रकाशनहरूको वेबसाइट लिङ्क वा प्रकाशित प्रति, सम्बद्ध क्षेत्रसँग सम्बन्धित तालिम दिएको वा लिएको प्रमाणको प्रतिलिपि,

(च) प्राध्यापक वा नेपाल सरकारको विशिष्ट श्रेणीको पदमा नियुक्त भएको नियुक्तिपत्र तथा सो पदमा सेवा गरेको वर्ष, महिना र दिन खुलेको विवरण तथा प्रमाण,

(छ) सम्बद्ध क्षेत्रमा काम गरेको अनुभव खुल्ने विवरण तथा प्रमाण (सिलसिलेवार रूपमा मिति र अवधि खुलेको हुनुपर्ने),

(ज) सम्बद्ध क्षेत्रमा उत्कृष्ट व्यवस्थापकीय सीप तथा कौशल र व्यावसायिकता प्रदर्शन गरेको व्यहोरा खुल्ने प्रमाण,

(झ) चिकित्सा शिक्षा सम्बन्धी कुनैपनि शिक्षण संस्थाको सञ्चालक समितिमा नरहेको, लगानीकर्ता वा सेयरहोल्डर नभएको, चिकित्सा शिक्षा आयोगसँग कुनै किसिमको स्वार्थको टकराव (Conflict of Interest) नभएको तथा स्वच्छ छवि भएको व्यहोरा खुलेको स्वघोषणा,

(ञ) चिकित्सा शिक्षा आयोगको निर्देशक भएपछि निर्देशनालय वा बोर्डको नेतृत्वदायी भूमिका वहन गर्ने सम्बन्धी चार वर्षे व्यावसायिक कार्ययोजना (Professional Work Plan) सहितको बढीमा ३००० तीन हजार शब्दको सोचपत्र (Vision Paper) ३ प्रति । व्यावसायिक कार्ययोजना (Professional Work Plan) सहितको सोचपत्र (Vision Paper) पृष्ठको एकातर्फ मात्र लेखेको/टाइप गरेको हुनु पर्ने, आफूलाई चिनाउने कुनै चिन्ह वा सङ्केत गर्न नपाइने र सिलबन्दी गरी बुझाउनु पर्नेछ ।